राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– ३२, अङ्क– ४, साउन २९ गते शुक्रबार, २०८३ (14 August, 2026) | www.janajibro.com | मूल्य रू. १०।-

## फर्किए देउवा : विनम्र अभिव्यक्ति, मुलुकमा सन्देह

### कांग्रेस बैठकले गर्‍यो स्वागत र स्वास्थ्यलाभको कामना, कुटील भाषाशैलीको शालीन अपिल प्रकाशित

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** ‘जेन-जी’ प्रदर्शनको बहानामा भयङ्कर असभ्यता, क्रुरता र अमानवीयताको सिकार बनाइएका पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवा करिव आधा वर्ष लामो प्रवासी जीवन त्यागेर बिहीबार स्वदेश फर्किएका छन् ।

‘जेनजी’ विध्वंसपछि देश छाड्दा, बीचमा स्वदेश फर्कंदा र पुनः विदेशिँदा सर्वसाधारण नागरिकभन्दा पनि निरीह भएर लुसुक्क आउजाउ गरेका र पछिल्लो पटक फागुन, २०८२ मा विदेशिएका देउवाविरुद्ध ठूलठूला मुद्दा चलाइने, अपराधी करार गरिने र



कठोर कारावासमा राखिने जस्ता हौवा मच्चाइरहेको र संसारभर जहाँसुकै ‘लुकेका’ भए पनि खोजेर ठिँगुर्‍याइने भन्दै रेडकर्नर नोटिस जारी गरिएको भन्नेसम्मका अफवाहको बाढी चलाइरहेकै बेला यसपटक भने देउवा ती तमाम हर्कतहरूलाई चुनौती दिँदै विमानस्थलबाट भव्य स्वागत, सयौँ व्यक्तिहरूको लावालस्कर, पुष्पगुच्छा र माल्यार्पणसहित स्वदेश फर्किए। देउवालाई स्वागत गर्न त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा कांग्रेसका शीर्ष नेताहरू पूर्णबहादुर खड्का, डा. शशांक कोइराला, प्रकाशमान सिंह, विमलेन्द्र निधी, कृष्णप्रसाद सिटौला, डा. प्रकाशशरण महत, एनपी साउद, अम्बिका बस्नेत, ईश्वरी न्यौपाने, मीन विश्वकर्मा, मोहनबहादुर बस्नेत, उमाकान्त चौधरीलगायत नै पुगेका थिए। देशभरबाट विमानस्थल परिसरमा जम्मा भएका कांग्रेसका सयौं नेता-कार्यकर्ताहरूले नाराजुलशसहित ‘स्कर्टिङ’ गर्दै उनको निवासमा पुर्‍याएका थिए।

‘जेनजी’ का नाममा भएको आतंककारी दुर्व्यवहारको सिकार भई

क्रमशः अन्तिम पृष्ठमा

## प्रचण्ड-रविबीच निरन्तर कुराकानी :

## यसो भन्छन् दुवैथरी

**काठमाडौं ।** पछिल्ला दिनहरूमा पूर्वप्रधानमन्त्री एवम् नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल ‘प्रचण्ड’ र सत्ताधारी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेबीच निरन्तर भेटवार्ता भइरहेको दुवै नेताले सञ्चारकर्मीसँगका कुराकानीमा बताउने गरेका छन् । संयोजक प्रचण्डले पछिल्लो समयमा आफू र रविबीच प्रत्यक्ष भेटघाट र टेलिफोन संवाद भइरहेको जानकारी दिएका छन् ।

सोमबार सञ्चारकर्मीसँगको कुराकानीमा उनले भने- ‘तुलनात्मक रूपमा राजनीतिक परिपक्वता रविमै रहेछ भन्ने त सबैले महसुस गरेकै कुरा छ ।’ तथाकथित जेन-जी आतंकवाद र विध्वंसअघि सहकारीको रकम हिनामिना प्रकरणमा लामिछानेमाथि अनुसन्धान प्रक्रिया अगाडि बढिरहेका बेला तत्कालीन सरकारले ‘राजनीतिक प्रतिशोध’ लिएको भन्दै आफूले रविको प्रतिरक्षा गरेको टिप्पणी गर्दै प्रचण्डले सञ्चारमर्कीहरूसँग भने- ‘फेरि, मेरो त गुन तिर्नुपर्ने पनि छ उहाँले । मैले त धेरै डिफेन्स गर्‍या छु नि त, पहिला संसदमा र पब्लिकमा पनि । जेलमा भेट्न पनि गएँ, बाहिर आएर पनि बोलेँ । रवि लामिछाने, डीपी अर्याल र विराजभक्त सबै मेरो क्याबिनेटमै बसेकाले उहाँहरूलाई बुझ्न मलाई गाह्रो छैन,’ सञ्चारकर्मीहसँग कुराकानी गर्दै प्रचण्डले भने- ‘उहाँहरूलाई भन्न पनि गाह्रो छैन, मेरो रेगुलर नै संवाद भइराखेको छ; कैयौं सल्लाह मिलिराखेको छ ।’

प्रचण्डका प्रमुख स्वकीय सचिव गोविन्द आचार्यले पनि राजनीतिक स्थायित्व, सुशासन स्थापना र संघीय लोकतान्त्रिक गणतन्त्रलाई अझै बलियो बनाउन भूमिका खेल्न संयोजकले सुझाव दिएको जानकारी दिएका छन् । ‘संयोजक र रास्वपा सभापतिबीच नियमितजस्तो संवाद भइरहेको छ,’ उनले भने- ‘संयोजकले राजनीतिक स्थायित्व र सुशासन, संविधानको रक्षालगायतका विषयमा उहाँहरूसँग कुराकानी गरिरहनु भएको छ ।’ राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद दीपक बोहराले पनि २०७० वैशाख १ मा प्रचण्ड र लामिछानेबीच भएको संवादमा प्रचण्डले ‘सगरमाथा जस्तै उच्च र बुद्ध जन्मिएको देश’ का रूपमा मुलुकलाई अघि बढाउन चाहेको भन्दै कुराकानी गरेको आफ्नो स्मरणमा अहिलेसम्म पनि ताजै रहेको बताए ।

‘आफ्नो जीवनकालमा जिम्मेवारी पूरा हुनुपर्छ जस्तो लाग्छ, परिवर्तनको सपना देख्दै जनयुद्ध र आन्दोलनमा धेरैले बलिदान गरे । धेरै कुरा हुन सम्भव छ, मेरै जीवनकालमा पूरा हुन सम्भव छ,’ प्रचण्डलाई

क्रमशः अन्तिम पृष्ठमा

## संयुक्त मोर्चा निर्माणसम्बन्धी अवधारणा

चन्द्रप्रसाद (सीपी) गजुरेल नेतृत्वको क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको पोलिटब्युरो बैठक साउन २६-२७ मा काठमाडौंमा सम्पन्न भयो। उक्त बैठकले पारित गरेका अनेकौं निर्णयहरूमध्ये साम्राज्यवादविरुद्ध संयुक्त मोर्चा निर्माणसम्बन्धी अवधारणा समेत उक्त पार्टीको सो बैठकद्वले पारित गरेको छ। यस्तो छ सोसम्बन्धी निर्णयका मुख्य बुँदाहरू निम्नानुसार छन्ः

१. अहिले कायम रहेको नेपाल राज्यको स्वरूप तत्कालीन गोर्खाका राजा पृथ्वीनारायण शाहले चलाएको भौगोलिक विजय/राज्य विस्तार अभियानको परिणामस्वरूप काठमाण्डौं कब्जा गरेपछि सन् १७७९ (वि.सं. १८२५) देखि निर्माण हुन थालेको हो। सन् १८१५ (वि.सं.

**समय सन्देश**
**क्रान्तिकारी कम्युनिस्ट पार्टी**

१८७१) मा भएको नेपाल-ब्रिटिश युद्धमा नेपालले पराजय भोगेपछि ब्रिटिशद्वारा उक्त युद्धमा बन्दी बनाइएका नेपाली सैनिकहरूलाई समेटेर ब्रिटिश गोर्खा गठन गरेको थियो भने नेपालले युद्ध समाप्त भएपछि युद्धबन्दीहरूलाई हस्तान्तरण गर्नुपर्ने जस्तो आधारभूत प्रस्ताव समेत राख्न सकेन। सन् १८१६ (वि.सं. १८७२) मा नेपाल र ब्रिटिश-भारतका बीचमा सुगौली सन्धि सम्पन्न भएपछि नेपाल अहिलेको क्षेत्रफलमा सिमित हुन पुग्यो, जसको परिणामस्वरूप नेपाल ब्रिटिश संरक्षित राज्य बन्यो र एक अर्ध-

क्रमशःदोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

जनजिब्रो साप्ताहिक
वर्ष- ३२, अङ्क- ४, साउन २९ गते शुक्रबार, २०८३

## सम्पादकीय

# चरम कालोबजारी र महँगी नियन्त्रण गर !

सरकार र सरकारसमर्थित सामाजिक सञ्जालहरूमा 'राजनीतिक परिवर्तन' को हौवा निरन्तर पिटाइरहिएको छ। 'पुराना भ्रष्टहरू सकिए, अब नयाँ युग चलिरहेछ' भन्नेजस्ता अफवाहहरूले बजार पिटिरहेको छ। भ्रष्टाचार निमूल भैदिए र साँच्चिकै सुशासन आइदिए कोचाहिँ बेखुसी हुन्थ्यो र! अरुका त कुरै छाडौँ- यथार्थमा सदाचार र सुशासन संस्थागत हुने हो भने उनै 'पुराना भ्रष्ट कुशासकहरू' समेत खुसी नै हुनेछन्।

तर, सदाचार या भ्रष्टाचारविहीनता तथा सुशासन कत्तिको छ भनेर जनसाधारणले सहजै ठम्याउने भनेको कि त सरकारी सेवा लिने ठाउँबाट हो; नत्र दैनिक उपभोग्य वस्तु र सेवाको प्राप्तिस्थलमै हो। कालाबजारियाहरूले विनाकारण र प्रमाणितयोग्य अवस्थाविनै दैनिक उपभोग्य वस्तुहरूको बजारभाउ पछिल्लो आमचुनावयता कम्तिमा डेढी नत्र दोब्बर तुल्याएका छन्। अझ ग्यास, चिनीजस्ता कतिपय वस्तुको त चरम अभाव समेत छ। राष्ट्रिय परिचयपत्र, राहदानी, मालपोत मात्र होइन कि राजश्व र कर तिर्न जाने ठाउँमा समेत चरम ढिलासुस्ती, रोकावट र असहयोग व्याप्त छ। भनेपछि, कहाँ छ त सुशासन?

सवाल 'पुराना' र 'नयाँ' को हुँदैहोइन। सवाल 'युवा' वा 'बुढा' को पनि पटक्कै होइन। सवाल सदाचारको हो, सवाल कर्तव्यनिष्ठताको हो अनि सवाल योग्यता, दक्षता र कार्यकुशलताको हो। वास्तविक समस्यातिर पटक्कै ध्यान नदिएर कसैले कसैमाथि दोषारोपण गर्नु र सहज, सस्ता र धारिला माध्यमबाट अफवाह फैलाउनु सुशासन होइन।

# संयुक्त मोर्चा निर्माणसम्बन्धी...

औपनिवेशिक राज्य बन्न पुग्यो। सन् १८४६ (वि.सं. १९०३) मा जङ्ग बहादुर कुंवर (पछि राणा भएका) ले कोतपर्व रचेर सत्ता कब्जा गरेपछि जहानियाँ राणा शासन लागु गरे पश्चात् ब्रिटिश साम्राज्यवादको प्रभाव अझै बढेर गयो। सन् १९३६ (वि.सं. १९९३) मा बिराटनगर जुट कारखाना सन्चालनमा आएपछि नेपालमा आधुनिक वस्तु उत्पादन गर्ने उद्योगहरूको विकाश हुन शुरुवात भयो र सामन्ती व्यवस्था खण्डित हुन गयो। सन् १९६४ (वि.सं. २०२१) मा भूमि सुधार कार्यक्रम लागु भएपछि त्यसको परिणामस्वरूप अर्ध-सामन्ती राज्यको रूपमा रूपान्तरण हुन गयो।

२. दोस्रो विश्वयुद्ध पछि ब्रिटिशले भारत छोडेर जाने क्रममा सन् १९४७ (वि.सं. २००४) नोभेम्बर ७ मा पहिले ब्रिटिश र भारतले आपसमा गोर्खा सैनिकहरूको बाँडफाँड गरे भने त्यसको दुईदिन पछि ९ नोभेम्बरमा नेपाललाई समेत सामेलगरी गोर्खा भर्ति सम्बन्धमा त्रिपक्षीय सम्झौता गरे। एक्काइसौं शताब्दीमा आइपुग्दा पनि नेपाल औपचारिक सम्झौता मार्फत् आफ्ना नागरिकहरूलाई विदेशी भाडाका सेनाका रूपमा बिक्रिगर्ने राज्यको रूपमा रहेको छ। गोर्खा सेनाका नामबाट परिचित नेपाली नागरिकहरू नेपालका मित्र देशहरू र त्यहाँका देशभक्ति र क्रान्तिकारी आन्दोलनहरू माथि दमन गर्न प्रयोग भएका छन्। यसप्रकारको सम्झौता कायम रहेसम्म नेपाल वास्तविक रूपमा स्वाधीन र असंलग्न राज्यका रूपमा रहन सक्दैन भन्ने जगजाहेर छ।

सन् १९४७ मा ब्रिटिशले भारत छोडेर गएपछि ब्रिटिश साम्राज्यवादको स्थान भारतीय विस्तारवादले लियो र अर्ध-सामन्ती तथा अर्ध-औपनिवेशिक शोषण र दमन कायमै रहेको छ। भारतले स्वतन्त्रता प्राप्त गरेपछि सन् १९५० (वि.सं. २००७) मा नेपाल र भारतका बीचमा शान्ति तथा मैत्री सन्धि सम्पन्न भयो र उक्त सन्धिका प्रावधानहरू मार्फत् भारतले नेपालमाथि राजनीतिक हस्तक्षेप बढायो भने परराष्ट्र मामिलामा भारतको अधिनस्थता कायम हुन पुग्यो भने आर्थिक, सामाजिक, सांस्कृतिक लगायत सबै क्षेत्रमा हस्तक्षेप बढायो र ब्रिटिश साम्राज्यवादको विरासतलाई निरन्तरता दियो। सन् २०१६ (वि.सं. २०७२) मा विगतमा गरिएका उक्त सन्धि लगायतका सन्धि-सम्झौताहरूको पुनरावलोकनका लागि द्विपक्षीय सहमतिमा गठन भएको विशिष्ट व्यक्तिहरूको समूह (ईपीजी) द्वारा सर्वसहमतिमा तयार पारिएको प्रतिवेदन बुझन भारत तयार भएको छैन। त्यसैगरी सन् १९६० (वि.सं. २०१७) मा नेपाल र भारत बीच सम्पन्न भएको व्यापार तथा पारवाहन सम्बन्धी सन्धिले नेपाललाई भूपरिवेष्ठित देशको हैसियतमा समुद्रपार व्यापार गर्न पाउने अधिकारमा अवरोध सिर्जना गऱ्यो। त्यसपछि सन् १९६५ (वि.सं. २०२१) मा सुरक्षा मामिला सम्बन्धमा नेपाल र भारत बीचमा भएको गोप्य सम्झौताले हतियार तथा सैन्य प्रविधिका बारेमा नेपाललाई पूर्णरूपमा भारत माथि भरपर्नु पर्ने बनायो। सन् १९५४ (वि.सं. २०११) मा कोशी, सन् १९५९ (वि.सं. २०१६) मा गण्डक, सन् १९९६ (वि.सं. २०५२) मा एकीकृत महाकाली, सन् २००८ (वि.सं. २०६४) मा माथिल्लो कर्णाली र सन् २०१४ (वि.सं. २०७१) मा अरुण सम्पन्न भएको थियो। उपरोक्त सन्धि, सम्झौताहरू बाट नेपालको जलस्रोत र जलविद्युत क्षेत्रमा भारतको प्रभुत्व कायम भएको छ।

३. सन् १९८४-८५ (वि.सं. २०४१-४२) देखि नै पंचायती शासन कालमा नवउदारवादी संरचनात्मक समायोजन कार्यक्रम मार्फत् विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषले अगाडी सारेको संरचनात्मक समायोजन कार्यक्रमलाई अवलम्बन गरेर देशका सार्वजनिक उद्योगहरूलाई निजीकरण गरियो र नेपालको अर्थतन्त्रलाई दलाल पुँजीवादको अधिनस्थ बनाइयो। यस परिघटना पछि नै नेपाल नवउपनिवेशिक अवस्था तर्फ अगाडी बढेको हो। नेपालले नवउदारवादी अर्थनीति अवलम्बन गरेपछि नेपाली बजारमा बेरोकटोक विदेशी माल भित्रिन थाले र नेपाली मालले विदेशी मालसँग प्रतिस्पर्धा गर्न नसक्दा नेपाली उद्योगहरू ध्वस्त हुन गए। त्यसको परिणामस्वरूप स्वाधीन अर्थतन्त्रको विकासमा अवरोध सिर्जना भएको छ र व्यापक बेरोजगारी कायम रहेको छ। किनभने अहिले सम्म नेपालको आर्थिक नीति तथा बजेट निर्माण नै विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ), एशियाली विकाश बैंक (एडीबी) जस्ता अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू र सहयोग दाता देशहरूको निर्देशन र स्वार्थ अनुसार हुने गरेको छ। देशको आर्थिक-सामाजिक अवस्था नवउपनिवेशिक रहँदासम्म देशको अर्थतन्त्र, स्वाधीनता, जनतन्त्र, जनजीविकाको सुनिश्चितता र सुरक्षा हुँदैन। देशको स्वाधीनतालाई अक्षुण्ण राख्न सकेको अवस्थामा स्वाधीन अर्थतन्त्र निर्माण गर्न सकिन्छ।

सन् १९६२ (वि.सं. २०१९) देखि पन्चायती शासनकालमा नै भारतले नेपाली भूमि कालापानीमा सैनिक शिविर स्थापना गरेर अतिक्रमण गर्दै आएको थियो। सन् २०१४ (वि. सं २०७१) मा भारतले नेपालसँग सरोकार नराखिकनै नेपाली भू-भाग लुपुलेकलाई चीनसँगको द्विपक्षीय व्यापारिक नाका बनाउने सहमति गरेको छ पछिल्लो चरणमा भारत र चीन दुवैले उक्त सहमतिलाई कार्यान्वयन गर्ने भएका छन्। सन् २०१९ (वि.सं. २०७६) मा भारतले कालापानी, लिपुलेक र लिम्पियाधुरा समेतको नेपाली भू-भागलाई गाभेर आफ्नो नक्सा प्रकाशित गरेको छ। त्यस लगत्तै सन् २०२० (वि. सं २०७७) मा नेपालले उक्त क्षेत्र सहितको नक्सा सङ्घीय संसदबाट पारित गरेर नेपालको संविधानमा अङ्कित गरेको भएता पनि संयुक्त राष्ट्र सङ्घ र अन्तर्राष्ट्रिय जगतमा सम्प्रेषण गर्ने काम गरेको छैन। सन् २०२२ (वि.सं. २०७८) मा सङ्घीय संसदद्वारा कथित १२ बूँदे व्याख्यात्मक टिप्पणी पारित गरेर अमेरिकी हिन्द-प्रशान्त रणनीति सँग सम्बन्धित मिलेनियम च्यालेन्ज कर्पोरेशनलाई अनुमोदन गरिएको छ, जसलेगर्दा नेपालको "असंलग्न" परराष्ट्र नीतिमा नकारात्मक असर परेको छ। एमसीसी प्रकरण नेपाल माथिको नवउपनिवेशिक दमन र नियन्त्रणको पछिल्लो कडीको रूपमा रहेको छ।

४. अमेरिकाले आफ्नो सैन्य कार्यक्रमसँग सम्बन्धित स्टेट पार्टनरशिप प्रोग्राम (एसपीपी) लाई पारित गर्न दवाब दिइरहेको छ। नेपाली सेनामा अमेरिकी साम्राज्यवादको प्रभाव कायम रहेको छ। नेपाली सेनाको नेतृत्वले अमेरिकाको निर्देशनमा काम गरेकोछ भने नेपाली सेनाको भारतीय सेनासँग भाईचारा सम्बन्ध रहेको छ। सन् २०१५ (वि.सं. २०७२) अक्टोबर २७ मा नेपाल सरकारले अधिकार प्रदान गरे अनुसार नेपाली सेनाका तत्कालीन प्रधानसेनापति राजेन्द्र क्षेत्रीले तत्कालीन अमेरिकी राजदूत श्रीमती अलैना बी. टेप्लिजलाई पत्राचार गरेका थिए। उक्त पत्रमा "निकट भविष्यमा नेपालको लागि राष्ट्रिय गार्ड राज्य साझेदारी कार्यक्रम स्थापना गर्न औपचारिक रूपमा अनुरोध गर्नु हाम्रो लागि सम्मानको कुरा हो" भन्ने कुरा उल्लेख गर्दै "यो कार्यक्रमले सैन्य सीप र अनुभव आदानप्रदान गर्न, रक्षा ज्ञान साझा गर्न, साझेदारी क्षमता बढाउन र पारस्परिक सुरक्षा सहयोगलाई थप अगाडि बढाउन दीर्घकालीन, दिगो र पारस्परिक रूपमा लाभदायक सुरक्षा सम्बन्धलाई प्रवर्द्धन गर्न सक्छ भन्ने दृढ विश्वास छ। यो कार्यक्रमले विपद् तयारी र सङ्कट व्यवस्थापन, उड्डयन रसद, मर्मतसम्भार र सुरक्षा आदानप्रदान, महत्त्वपूर्ण पूर्वाधार र प्राकृतिक स्रोत संरक्षण, व्यावसायिकीकरण र अधिकृत/एनसीओ विकास लगायत पारस्परिक हितका क्षेत्रहरूमा सहयोग गर्न सक्छ भन्ने कुराको अपेक्षा गरिन्छ। " भनेर उल्लेख गरिएको छ।

अहिले आएर अमेरिकाले नेपालको मुस्ताङ जिल्लामा रहेको युरेनियम लगायत महत्त्वपूर्ण प्राकृतिक स्रोतहरू माथि कब्जा जमाउन खोजीरहेको छ र नेपालमा अमेरिकी सेनाको आवत-जावत लगातार बढिरहेको छ। यसरी अमेरिकी साम्राज्यवादी साथै भारतीय विस्तारवादको गोटीको रूपमा कामगर्ने सेनाको स्थानमा देशको स्वाधीनताको पक्षमा दृढतापूर्वक उभिने सेनाको गठन हुन पर्दछ।

५. सन् २०२५ सेप्टेम्बर ८-९ (वि. सं २०८२ भदौ २३-२४) मा भएको जेन-जेड "विद्रोह" पश्चात् अमेरिकी साम्राज्यवादको पहल र भारतीय विस्तारवादको सहमतिमा सुशीला कार्कीलाई नयाँ निर्वाचन गराउनका लागि संसद विघटन गरेर सन् २०२५ सेप्टेम्बर ११ (वि.सं. २०८२ भाद्र २६) मा अन्तरिम सरकारको प्रधानमन्त्री नियुक्त गरियो। सन् २०२६ मार्च ५ (वि.सं. २०८२ फागुन २१) मा सम्पन्न भएको सङ्घिय संसदको निर्वाचन मार्फत् नेपालको सत्ता अमेरिकी साम्राज्यवादले आफ्ना दलालहरूको हातमा पुऱ्याउन सफल भएको छ। एसपीपीका विरुद्ध देशभक्त शक्तिहरूले चलाएको आन्दोलनको दवाबका कारण नेपाली कङ्ग्रेसको नेतृत्वमा रहेको सरकारले एसपीपी अनुमोदन गर्न अस्वीकार गरेपछि अमेरिकाले आफ्ना भरपर्दा नयाँ दलाललाई सरकारमा ल्याउन जेन-जेड "विद्रोह" को मञ्चन गऱ्यो र परिणामस्वरूप राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई सत्तामा स्थापित गर्न भूमिका खेल्यो। रास्वपा सरकार गठन भएपछि फ्रि-तिब्बत पक्षधरहरूको गतिविधि सन्चालन भैरहेको छ जस्ले गर्दा नेपालको एक चीन नीति प्रति नै शङ्का उत्पन्न भैरहेको छ। पुँजीवादी लोकतान्त्रिक व्यवस्थाले प्रदान गरेका सङ्गठन खोल्न पाउने अधिकारहरू माथि प्रतिबन्ध लगाउने काम गरेको छ र राज्यलाई फासीवाद तर्फ अगाडी बढाउँदै छ। त्यसका ज्वलन्त उदाहरणका रूपमा विद्यार्थी सङ्गठन र निजामति कर्मचारी ट्रेड यूनियन माथि प्रतिबन्ध लगाउनु त्यसपछि आदिवासी जनजाति र मजदूर सङगठनहरूलाई प्रतिबन्ध लगाउने चेतावनी दिनु र पूर्ववर्ती सरकार र विपक्षी पार्टीका नेताहरूलाई आवश्यक वैधानिक प्रकृया समेत अवलम्बन नगरी पक्राउ गर्नु आदि रहेको छ।

६. अहिले नेपालको आर्थिक-सामाजिक अवस्था आधारभूत रूपमा नवऔपनिवेशिक रहेको छ, यद्यपि अर्धसामन्ती र अर्धऔपनिवेशिक विशेषताहरू पनि कायमै रहेका छन्। नेपाल औपचारिक रूपममा स्वाधीन र सार्वभौम राज्यको रूपमा प्रस्तुत भए तापनि वास्तविकतामा त्यस्तो नभएको स्पष्ट नै रहेको छ। अहिले नेपालको स्वाधीनता र सार्वभौमिकताका लागि सबैभन्दा ठूलो खतरा अमेरिकी साम्राज्यवादका साथै भारतीय विस्तारवादबाट रहेको छ।

अतः नेपाललाई अहिलेको नवऔपनिवेशिक अवस्थाबाट मुक्त गरेर सही अर्थमा एक स्वाधीन र सार्वभौम राज्यको रूपमा स्थापित गर्नका लागि विगतमा भएका सम्पूर्ण असमान सन्धि-सम्झौताहरूको खारेजी हुन अत्यावश्यक रहेको छ र तत्पश्चात्

क्रमशः चौथो पृष्ठमा

# दैनिक उपभोग्य वस्तुको आपूर्ति सहज बनाउन माग

**काठमाडौं ।** राष्ट्रियसभाका सांसदहरूले बिहीबारको बैठकमा सुनसरीलगायत क्षेत्रमा भएका साम्प्रदायिक हिंसाका घटनाका दोषीउपर कारबाही गरी मुलुकभर शान्ति, सुव्यवस्था कायम गर्न सरकारको ध्यानाकर्षण गराएका छन् ।

बैठकको विशेष समयमा बोल्ने सांसदहरूले शान्ति सुरक्षाका साथै दैनिक उपभोग्य वस्तुहरू सहज परिपूर्ति गर्न माग गरेका हुन् । राष्ट्रियसभाको विशेष समयमा बोल्दै नेपाली कांग्रेसका सांसद विष्णुकुमारी सापकोटाले नेपाली जनता खाना पकाउने ग्यास, महंगीको मारमा परिरहेका प्रति सरकारको ध्यानाकर्षण गराउँदै मौलिक हकभित्र नै व्यवस्था भएको खाद्य, स्वास्थ्य शिक्षाको अधिकार सुनिश्चित गर्न माग गरे । सामाजिक सञ्जालबाट एक-अर्कालाई गालीगलौज गर्ने क्रम बढ्दै जानुप्रति चिन्ता व्यक्त गर्दै सांसद सापकोटाले पवित्र भूमि नेपालमा त्यस्तो असहिष्णुता सह्य नहुने बताए ।

नेपाली कम्युनिस्ट पार्टीका सांसद रेणु चन्दले साम्प्रदायिक घटनाका नाममा मधेसमा भएको घटनाको दोषीउपर तत्काल कारबाही गरी उक्त क्षेत्रमा शान्ति, सुव्यवस्था कायम गर्न सरकारलाई ध्यानाकर्षण गराइन् । पुराना राजनीतिक दलले ३५ वर्षमा केही गरेन भन्ने भाष्यमा यथार्थमा सत्य नभएको धारणा व्यक्त गर्दै सांसद चन्दले यस अवधिमा आर्थिक, शैक्षिक, विकासका धेरै काम भएको अध्ययन गरेर हेर्न आग्रह गरिन् । बैठकमा नेपाल कम्युनिस्ट पार्टी (एमाले) का सांसद मीना सिंह रखालले सरकारले सार्वजनिक गरेको सय कार्यसूचीमा नागरिकको जीवनमा प्रत्यक्ष सुधार ल्याउने लक्ष्य राखेको भए पनि सुकुम्बासीको व्यवस्थापन प्रभावकारी हुन नसक्दा नागरिकले थप पीडा भोग्नु परेकोप्रति सरकारको ध्यानाकर्षण गराए । सरकारको कार्यसम्पादन फाइल र तथ्यांकले नभई नागरिकको जीवनस्तर सुधार, आधारभूत आवश्यकता सहज बनाउन जरुरी भएको बताए ।

यसैगरी, जनता समाजवादी पार्टी नेपालका सांसद पुजा चौधरीले स्वास्थ्य सेवा मौलिक हकमै सुनिश्चित भए पनि अहिले पनि नेपालीहरूले उपचार गराउन घरबारी नै बेच्नुपर्ने अवस्था भएको भन्दै कतिपय उपचार नै गराउन नसकेको अवस्था रहेकोप्रति सरकारको ध्यानाकर्षण गराइन् । हाल सरकारी अस्पतालमा गर्भवती र सुत्केरीलाई चाहिने आइरन चक्कीको कमी भएको, रेजिजविरुद्धको खोप, सर्पदंशको उपचार हुन नसकेकोप्रति दुःख व्यक्त गरे भने राष्ट्रिय जनमोर्चाका सांसद तुलप्रसाद विश्वकर्माले देशमा महंगी चुलिँदै जाँदा जनता मारमा परेको अवस्थामा ग्यासको कृत्रिम अभाव सिर्जना गर्ने व्यवसायीप्रति कारबाही गर्न सरकारसँग माग गरे । उनले तराईबाट धार्मिक दंगा भड्काउने खालको घटना भएकोप्रति सरकार सचेत भई आगामी दिनमा त्यस्ता कार्य हुनसक्नेतर्फ सचेत हुनुपर्ने माग गरे ।

कांग्रेसका वासुदेव घिमिरेले सुकुम्वासीको समस्या समाधान हुन नसकेको कृषकलाई समयमै मल र बीउ उपलब्ध हुन नसकेको, न्यायापालिका र व्यवस्थापिका, निजामती कर्मचारीलाई व्यवस्थित बनाउन नसकेको आरोप लगाए । नेपाल सरकारको पूर्ण स्वामित्वमा आँखा अस्पताल कुनै पनि नखोलेको भन्दै उनले अहिले दृष्टिविहीनको संख्या ०.२८ प्रतिशत पुगिसकेकोप्रति सरकारको ध्यानाकर्षण गराए । काठमाडौं बाहिर देशका अन्य क्षेत्रहरूमा पनि आँखा अस्पतालहरू स्थापना गर्नुपर्नेमा उनको जोड थियो । बैठकमा नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का सांसद विष्णुबहादुर विश्वकर्माले जातीय छुवाछुत अन्त्यको माग गर्दै ८० दिनदेखि माइतीघरमा आन्दोलनरत्त व्यक्तिहरूलाई सरकारलाई तत्काल वार्तामा बोलाएर समस्याको समाधान गर्न आग्रह गरे । अहिले नागरिकले दैनिक जीवनका उपभोग्य वस्तुको अभावमा पीडा पाइरहेको र रोजगारी तथा अध्ययनका लागि विदेश जाने युवाको संख्या अझै बढ्दै गएकोतर्फ सरकारको ध्यानाकर्षण गराउँदै नेकपा (एमाले) का सांसद रुक्मिणि कोइरालाले मुलुकभरका विभिन्न बालसुधार केन्द्रमा धेरै समस्या देखिएकाले सरकारलाई त्यसप्रति ध्यान दिन आग्रह गरे ।

अर्का सांसद धर्मेन्द्र पासवानले विभिन्न समस्या र आर्थिक अभावले मुलुकमा आत्महत्या गर्नेक्रम बढेकोप्रति सरकारको ध्यानाकर्षण गराउँदै त्यसको दीर्घकालीन समाधानका लागि सचेत हुन आग्रह गरे । अझै पनि मुलुकमा भुईंमान्छेले न्याय पाउने अवस्था नरहेको भन्दै उनले नयाँ राजनीतिक परिवेशले पनि यसलाई समाधान गर्न नसकेको टिप्पणी गरे । पीडितहरूले पीडाका आँशु पोख्ने थलो बनेको माइतीघरमा धर्ना बसेका जनताका माग सम्बोधनका लागि सरकारलाई ध्यानाकर्षण गराउँदै बैठकमा सांसद मनरूपा शर्माले दैनिक जीवनका उपभोग्य वस्तुको सहज आपूर्ति नहुँदा आमजनताले महंगाइ खेप्नुपरेको, ग्यासको लाइन लागेर अनावश्यक समय खर्चनु परेको र रोजगारीका लागि विदेशिनु परेको सुनाइन् ।

# सत्ताधारी सांसदकै प्रधानमन्त्रीमाथि प्रश्न

# सीमाबारे हेलचेक्र्याइँ मजाक होइन : एमाले

**काठमाडौं ।** सत्ताधारी दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) कै सांसदहरूले जनताका दैनिक अत्यावश्यक वस्तु ग्यासको सास्ती भोगिरहेको चर्चा गर्दै सोमबार बसेको प्रतिनिधिसभा बैठकमा तत्काल इन्डकसन चुल्हो वितरणको योजना ल्याउन सरकारसँग माग गरेका छन् ।

खाना पकाउने ग्यासका लागि सर्वसाधारण मध्यरातसम्म लाइनमा बस्नुपरेकोतर्फ औंल्याउँदै रास्वपाकी सांसद लिमा अधिकारीले सरकारको ध्यानाकर्षण गराएकी हुन् । एकातिर देशमा विद्युत खेर गइरहेको र अर्कातर्फ खाना पकाउने ग्यासका लागि नागरिकले घण्टौंसम्म लाइन बस्नुपर्ने अवस्था रहेको वैकल्पिक उर्जाको प्रयोगमार्फत समस्या हल गर्नुपर्ने उनको धारणा थियो । 'भान्सामा साँझ र बिहानको छाक टार्न धौधौ परेका सर्वसाधारण नागरिक खाली ग्यास सिलिन्डर बोकेर मध्यरातसम्म लाइनमा बस्न बाध्य छन् । आखिर नागरिकले यस्तो सास्ती कहिलेसम्म भोगिरहनुपर्ने हो सरकार ? एकातिर देशमा बिजुली खेर गइरहेको छ, अर्कोतिर ग्यासकै लागि नागरिकलाई मध्यरातसम्म लाइनमा उभ्याइएको छ' भन्दै उनले 'यो भन्दा ठूलो बिडम्बना अरु के हुनसक्छ ?'

यदि ग्यासको यो सास्तीबाट नागरिकलाई साँच्चिकै राहत दिने हो भने तत्काल इन्डक्सन चुल्हो बाँड्ने योजना ल्याउनुपर्ने सांसद अधिकारीको भनाइ थियो । 'ग्यासको आपूर्तिमा पटक-पटक समस्या भइरहँदा पनि विद्युत खपतमा लगाइएका नीतिहरूले वैकल्पिक इन्धनको प्रयोगलाई कतै निरुत्साहित त बनाइएको छैन ?' उनले थपिन् 'सरकार यसमा गम्भीर बनोस् ।' ग्यास आपूर्तिमा पटक-पटक समस्या देखिए पनि विद्युत खपतसम्बन्धी नीतिले वैकल्पिक इन्धनको प्रयोगलाई निरुत्साहित गरिरहेको हो कि भन्ने कुरामा समेत सरकार गम्भीर हुनुपर्नेमा जोड दिनुपर्नेमा प्रमुख प्रतिपक्ष दलहरूले 'नेपालले भारतको जग्गा मिचेको' भन्ने अभिव्यक्तिबारे प्रधानमन्त्री वालेन्द्र शाहको जवाफ दिनुपर्ने मागलाई निरन्तरता दिएका छन् ।

बैठकमा प्रतिपक्ष दलहरू कांग्रेस, एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का सांसदहरूले प्रधानमन्त्रीले संसदको मर्यादालाई सम्मान गर्दै जवाफ दिन माग गरे । प्रतिपक्ष दलका सांसदहरूले शनिबार प्रधानमन्त्री शाहले सामाजिक सञ्जालमा दिएको 'कहिलेकाहिँ एक्लै लड्नपर्छ' भन्दै दिएको अभिव्यक्तिमाथि टिप्पणी गर्दै राष्ट्रिय हितका मुद्दामा आफ्नो साथ रहेको बताए । प्रधानमन्त्री शाहलाई सीमासम्बन्धी विवादबारे जवाफ दिन रुलिङ गर्न आग्रह गर्दै कांग्रेस सांसद रेनुका काउछाले भने 'सीमासम्बन्धी अभिव्यक्ति एउटा राजनीतिक भाषण होइन, यो नेपालको कुटनीतिक धारणा, दुई पक्षीय सम्बन्ध र अन्तर्राष्ट्रिय विश्वसनीयतामाथि समेत प्रभाव पार्छ । तर प्रधानमन्त्रीज्यूका पछिल्ला कार्यशैलीले त्यही अन्तर्राष्ट्रिय प्रतिष्ठानमाथि आँच आउनु दुःखद हो । विदेश नीति भाषणको विषय होइन, राज्यको दीर्घकालीन जिम्मेवारी हो ।' प्रतिपक्षसँग नडराउन आग्रह गर्दै सांसद काउछाले थपिन् 'प्रतिपक्षसँग नडराउनुस्, प्रतिपक्षसँग संवाद गर्नुहोस् । तपाईं एक्लो हुनुहुन्न, मुलुकको हितमा अघि बढ्नुहोस् । सभामुखले रुलिङ गरेर प्रधानमन्त्रीलाई जवाफ दिन बोलाउनुस् । घेराबन्दी होइन, जवाफदेही बनाउन खोजेका छौं । सरकारलाई सफल बनाउन खोजेका छौं ।'

'प्रधानमन्त्रीज्यू प्रतिपक्षले जवाफ माग्नु असहयोग होइन, सरकारलाई सचेत गराउनु अपमान होइन । तर अचम्म के छ भने प्रतिपक्षले दैनिक प्रश्न उठाउँदा जवाफ नदिने प्रधानमन्त्रीज्यूलाई सत्तापक्षकै सांसदहरूले खबरदारी गर्न खोज्दा त्यसै दिन मध्यरातमा एक्लो महासुस भयो भन्ने अभिव्यक्ति दिने अवस्था कसरी आयो ?' सांसद काउछाले थपिन् 'प्रधानमन्त्रीज्यूलाई एक्लै लड्नुपर्ने बाध्यता किन आयो ? यसको अनुमान विभिन्न ढंगले गर्न सकिन्छ र प्रतिपक्षको तर्फबाट म आज एउटा कुरा स्पष्ट भन्न चाहन्छु, कालो चश्मा खोल्नुहोस् तपाईं एक्लो हुनुहुन्न । मुलुकको हितमा चाल्ने सही कदममा प्रतिपक्ष साथमा छ ।' विधि, प्रक्रिया, लोकतान्त्रिक मूल्य मान्यता, संविधान र संसदीय मर्यादा र संसदको सर्वोच्चतालाई कमजोर बनाउने काममा प्रतिपक्ष मौन नबस्ने बताउँदै उनले थपिन् 'प्रधानमन्त्रीज्यू तपाईं मान्नुस् या नमान्नुस्, प्रधानमन्त्री सत्तापक्षको मात्र होइन, हामी सबै नेपाली हो । यसैले प्रश्न गर्न चाहनछु, दैनिक संसदमा उठिरहेको सीमासम्बन्धी विवादास्पद अभिव्यक्तिले तपाईंको राजनीतिक शाखमा असर परेको महसुस गर्नुभएको छैन ? प्रतिपक्ष तपाईंको अपमान गर्दैन, हामी तपाईंको ओज घटाउन होइन, बढाउन खोजिरहेका छौं ।'

यस्तै, एमाले सांसद नीता घतानीले नेपालले भारतको केही जग्गा मिचेको अभिव्यक्ति कुन प्रमाणको आधारमा बोलेको भन्दै प्रश्न गरिन्, 'प्रधानमन्त्रीज्यूले कुन तथ्यको आधारमा बोल्नु भयो ? सीमा कुनै राजनीतिक मजाक होइन । सीमा हाम्रो सार्वभौमसत्ता, भूगोल र पूर्खाले जोगाएर हामीलाई सुम्पिएको नेपाली अस्तित्व हो । म सत्तापक्षका माननीयलाई आग्रह गर्नै चाहन्छु । गलत अभिव्यक्तिको बचाव नगर्नुहोस्, नेपालको भूगोलका पक्षमा उभिनुहोस् । किनकि सत्ता र सरकार पक्ष अस्थायी हुन्छ तर नेपाल सधैं स्थायी हो ।' यसैगरी, नेकपाका सांसद गणेशबहादुर विश्वकर्माले प्रधानमन्त्री शाहले १७ जेठ मा नेपालले भारतको भूमि मिचेको अभिव्यक्ति दिए पनि जवाफ नआएकोमा आपत्ति व्यक्त गरे । 'राष्ट्रियताको रक्षाका लागि यस संसदमा सबै प्रतिपक्षले ६८ दिनदेखि प्रधानमन्त्रीको ध्यानाकर्षण गराइरहेका छौं' सांसद विश्वकर्माले भने 'प्रधानमनत्रीज्यूले संसदमा उभिएर स्पष्टिकरण दिनुपर्ने कि संसदको रेकर्डबाट हटाउन माग गरिरहेका छौं ।'

# आङ्देम्बे र चिनियाँ राजदूत भेटवार्ता

**काठमाडौं ।** प्रमुख प्रतिपक्षी नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बे र नेपालका लागि चिनियाँ राजदूत चाङ माओमिङबीच भेटवार्ता भएको छ । सिंहदरबारस्थित कांग्रेस संसदीय दलको कार्यालयमा उनीहरूबीच भेटवार्ता भएको हो ।

भेटका क्रममा आङ्देम्बेको आज (शुक्रबार) देखि हुन गइरहेको चीन भ्रमण, ग्वाङ्झाउमा नेपाली यही साउन ३० र ३१ गते आयोजना हुने गैरआवासीय नेपाली संघ (एनआरएनए) को एघारौं एसिया क्षेत्रीय सम्मेलन तथा नेपाल-चीन द्विपक्षीय सम्बन्धका विविध विषयमा छलफल भएको छ । नेता आङ्देम्बेले आफ्नो चीन भ्रमणलाई सम्मेलनको सहभागितामा मात्र सीमित नराखी नेपाल-चीन सम्बन्ध, चिनियाँ विकास तथा शासन अभ्यास र दुई देशका संसद तथा राजनीतिक दलबीचको सम्बन्धबारे अनुभव आदानप्रदान गरिएको बताए ।

नेपाल-चीन सम्बन्धलाई सरकार, सरकारका सम्बन्धमा मात्र सीमित नराखी जनस्तरसम्म विस्तार गर्नुपर्ने धारणा उनले राखे । राजदूत माओमिङले पनि नेपाल-चीन सम्बन्ध अझै सुदृढ पार्नुपर्नेमा जोड दिए ।




# संयुक्त मोर्चा निर्माणसम्बन्धी...

पारस्परिक सम्मान र समानताका आधारमा आवश्यकता अनुसार नयाँ सन्धि सम्झौताहरू गर्दै जानु पर्दछ। तर अहिले कै अवस्थामा उक्त कार्य सम्पन्न गर्न सम्भव हुँदैन किनभने जहानीया राणा शासनको समयदेखि निरङ्कुश राजतन्त्र हुँदै लोकतान्त्रिक गणतन्त्र सम्मका सत्ताधारीहरूले आफ्नो स्वार्थ र सत्ता जोगाउनका लागि देशको स्वाधीनता र सार्वभौमिकतालाई सौदावाजीको विषय बनाएर साम्राज्यवादी र विस्तारवादी शक्तिहरू समक्ष आत्मसमर्पण गर्दै आएका छन्। त्यसकारण अहिलेको पुँजीवादी लोकतान्त्रिक गणतन्त्रको स्थानमा जनगणतन्त्रिक राज्य व्यवस्थाको स्थापना हुनु अत्यावश्यक छ। अतः नेपाललाई अहिलेको नवउपनिवेशिक अवस्था बाट मुक्त गरेर एक स्वाधीन राज्यको रूपमा स्थापित गर्नका लागि सम्पूर्ण देशभक्त, जनतान्त्रिक र अग्रगामी शक्तिहरूलाई एकजुट बनाएर साम्राज्यवाद र विस्तारवाद विरुद्ध संयुक्त मोर्चा निर्माण गर्नु पर्दछ।

देशको स्वाधीनता तथा जनतन्त्रको रक्षा र जनजीविकाको सुनिश्चितता कायम गर्दै अहिलेको अवस्था बाट देशलाई मुक्त गर्नका लागि देशभक्त, जनतान्त्रिक र अग्रगामी शक्तिहरूको बीचमा राजनीतिक सम्मेलन गरेर संयुक्त मोर्चा निर्माण गर्ने र सङ्घर्षको बलमा अहिलेको सरकार विघटन गरी त्यसको विकल्पमा स्वाधीन संयुक्त सरकारको गठन गर्नेतर्फ पहलकदमी बढाउनु पर्दछ। त्यस्तो सरकारले सम्पूर्ण असमान सन्धि, सम्झौताहरू खारेजीको घोषणा गर्नु पर्दछ र पारस्परिक सम्मान र समानताका आधारमा आवश्यक नयाँ सन्धि, सम्झौताहरू गरेर अगाडी जानु पर्दछ। यसरी देश नवउपनिवेशिक चङ्गुल बाट मुक्त बनेपछि मात्र स्वाधीन अर्थतन्त्रको विकाशको लागि मार्ग प्रशस्त हुन्छ र विद्यमान बेरोजगारीका समस्या समाधान हुन सक्दछ।

७. साम्राज्यवादी शक्तिहरूले नेपालमा आफ्नो स्वार्थ पूर्ति तथा रक्षा गर्नका लागि विभिन्न नाम र प्रकारका गैर सरकारी सङ्गठनहरू (एनजीओ) का साथै नेपाली युवाहरूलाई आफ्नो स्वार्थ अनुकूल प्रयोग गर्नका लागि अमेरिकाले "युथ काउन्सिल" गठन गरेको छ भने चीनले "युथ पायोनियर" बनाएको छ। शक्ति राष्ट्रहरूले नेपाली युवाहरूलाई आफ्नो स्वार्थ सिद्धगर्ने उदेश्यले गठन गरिएका "युथ काउन्सिल" र "युथ पायोनियर" जस्ता सङ्गठनहरूमा नेपालका देशभक्त युवाहरू त्यसप्रकारको सङ्गठनमा संलग्न हुनु हुँदैन र सरकारले विदेशीहरूलाई त्यसता सङ्गठनहरू निर्माण गर्न दिनु हुँदैन। यसरी अमेरिका र चीनको बीचमा आपसी प्रतिस्पर्धा बढेर जाँदा नेपाल शक्ति राष्ट्रहरूको रणभूमी बन्ने खतरा बढेर गएको छ। पछिल्लो समयमा अनिवार्य प्रचलनमा ल्याइएका राष्ट्रिय परिचयपत्र र एम्बोस्ड नम्बर जस्ता कुराहरूपनि राष्ट्रघाति रहेका छन् किनभने ती मार्फत नागरिकका गोप्य सूचनाहरू सङ्कलन हुन्छन्।

साम्राज्यवादद्वारा नेपालको स्वाधीनता र सार्वभौमिकताका विरुद्ध सन्चालन गरिने कार्यक्रम र गतिविधिहरूका विरुद्ध नेपाली जनताको विरोध र प्रतिरोध माथि नेपाल सरकार फासीवादी दमनमा उत्रने र यसरी देशको स्वाधीनता, जनजीविका र जनतन्त्र सबैमाथि खतरा बढेर जाने देखिएको छ। साम्राज्यवाद र विस्तारवाद द्वारा देशको स्वाधीनता माथि व्यापक खतरा पुगिरहेको अवस्थामा प्रधानमन्त्री बालेन्द्र शाहले सङ्घीय संसदमा नेपालले पनि भारतको भूमि धेरै ठाउँमा मिचेको भन्ने अभिव्यक्ति दिनु गम्भीर आपत्तिको विषय हो। अतः उक्त अभिव्यक्ति फिर्ता लिँदै माफि माग्नु पर्दछ। अहिले देशको स्वाधिनतासँग सम्बन्धित विषयहरूमा अमेरिकी साम्राज्यवादद्वारा लादिएको एमसीसी तथा एसपीपी सम्झौताहरू र भारतीय विस्तारवादद्वारा नेपाली भूभाग कालापानी, लिपुलेक र लिम्पियाधुरालाई भारतमा गाभिएको साथै विभिन्न स्थानहरूमा सीमा अतिक्रमण गरिएको लगायतका मुद्दाहरूलाई सङ्घर्ष र आन्दोलनको विषय बनाउनु पर्दछ। हामीले साम्राज्यवाद विरोधी संयुक्त मोर्चा निर्माण गर्ने सम्बन्धमा तल उल्लेख गरिएका विषयहरू प्रस्तुत गरेका छौं। तर सम्बन्धित पक्षहरू सँगको छलफल पश्चात साझा सहमति कायम गरेर अन्तिम टुङ्गो लगाउनु पर्दछ।

१. सम्पूर्ण असमान सन्धि, सम्झौताहरूको खारेजीको माग गर्ने।
२. साम्राज्यवादी तथा विस्तारवादी हस्तक्षेपको विरोध गर्ने।
३. कालापानी, लिपुलेक र लिम्पियाधुरा क्षेत्र फिर्ताको माग गर्ने।
४. भारत र चीन बीच गरिएको लिपुलेक सम्झौता खारेजीको माग गर्ने।
५. मिलेनियम च्यालेन्ज कम्प्याक्ट (एमसीसी) को खारेजी गर्ने।
६. स्टेट पार्टनरशिप प्रोग्राम (एसएसपी) को विरोध गर्ने।
७. जेन-जेड "विद्रोह" लाई साम्राज्यवादी प्रायोजनमा भएको मान्ने।
८. अहिलेको सरकारको कार्यशैली लाई फासीवादी मान्ने।
९. अग्रगामी संविधान निर्माण गर्ने विषयमा सहमत हुने।

# ताम्सु पहिरोमा एक बेपत्ता, दुई घाइते

**काठमाडौं।** बिहीबार भएको अविरल वर्षाका कारण बाजुरा जिल्लास्थित त्रिवेणी नगरपालिका-९ ताम्सुमा पहिरो जाँदा एक जना बेपत्ता भएका छन् भने दुई जना घाइते भएका छन्।

जिल्ला प्रहरी कार्यालय बाजुराका प्रहरी निरीक्षक तथा प्रवक्ता नरेशबहादुर शाहीका अनुसार घरमाथिबाट आएको पहिरोका कारण स्थानीय ३९ वर्षीय धर्म थापा र ४३ वर्षीय कर्ण बहादुर थापाको घरमा क्षति पुगेको हो। उनका अनुसार सोही घरका दुई जना पहिरोमा परी घाइते भएको र एक जना बेपत्ता भएको बताए। पहिरोमा परी घाइते भएका र बेपत्ता भएकाको पहिचान खुल्न सकेको छैन। लगातार वर्षा भइरहेकाले उद्धार कार्यमा समस्या भएको छ।

जिल्ला प्रहरी कार्यालय बाजुराका प्रहरी नायव उपरीक्षक शैलेश्वरी बोहरा सहितको १७ जनाको टोली उद्धारका लागि जिल्लाबाट र शसस्त्र प्रहरी बल बाजुराको टोली घटनास्थल तर्फ गएको छ। उद्धार कार्यमा बडीमालिका प्रहरी चौकी र बार्जुगाड प्रहरी चौकी बिहीबार रातिदेखि घटनास्थलमा रहेको प्रहरी प्रवक्ता शाहीले जानकारी दिए।

# ग्यासको सकस समाधान गर्न सरकारको ध्यानाकर्षण

**काठमाडौं।** राष्ट्रियसभाका सदस्यहरूले खाना पकाउने एलपी ग्यास बिक्री वितरणमा देखिएको सकस समाधान गरी जनतालाई राहत दिन सरकारको ध्यानाकर्षण गराएका छन्। बुधबार राष्ट्रियसभाको बैठकको शून्य समयमा उनीहरूले ग्यासको आयात र बिक्री वितरणलाई व्यवस्थित र पारदर्शी बनाउन सरकारलाई सुझाव दिएका हुन्।

बैठकमा नेपाली काङ्ग्रेसकी कमलादेवी पन्तले भारतबाट मागभन्दा बढी ग्यास आयात भइरहेको सरकारको दाबी भए पनि जनताले सहजै ग्यास पाउन नसकेको जनाउँदै ग्यासको आपूर्ति र बिक्रीवितरण सम्बन्धमा सभालाई जानकारी गराउन सरकारसँग माग गरिन्। नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का नरबहादुर विष्टले ग्यासको बिक्री वितरणलाई व्यवस्थित बनाउन सुझाव दिँदै जनताका समस्या समाधानमा गम्भीर बन्न आग्रह गरे भने राष्ट्रिय जनमोर्चाका तुलप्रसाद विश्वकर्माले ग्यासको अभावबाट जनताले ठूलो कष्ट व्होरिरहेको भन्दै उक्त समस्या समाधानमा ध्यान दिन आग्रह गरे।

काङ्ग्रेसका युवराज शर्माले एलपी ग्यासको कृत्रिम अभाव तत्काल अन्त्य गरी ग्यासको बिक्री वितरण व्यवस्थित र पारदर्शी बनाउन आग्रह गरे। सोही दलका नारायणदत्त मिश्रले सुनसरीको देवागञ्जमा दुई समुदायबीच भएको विवादसम्बन्धी घटनाको न्यायिक छानबिन गरी दोषीमाथि कडा कारबाही गर्न माग गरे। नेकपाका भुवनबहादुर सुनारले एलपी ग्यास अभावसम्बन्धी समस्याको दीर्घकालीन व्यवस्थापन, महँगी नियन्त्रण र सार्वजनिक सेवा प्रवाहलाई चुस्त बनाउन सरकारलाई सुझाव दिए। सोही पार्टीका मदनकुमारी शाहले निर्वाचनको समयमा जनतासामु व्यक्त वाचा पूरा गर्न सरकारको ध्यानाकर्षण गराइन्।

सोही बैठकमा जनता समाजवादी पार्टी नेपालका मोहम्मद खालिदले सिरहाको गोलबजारमा केही दिनअघिको प्रदर्शनका क्रममा व्यापारिक प्रतिष्ठान र आस्थाका केन्द्रमाथि आगजनी र तोडफोड भएका चिन्ता व्यक्त गर्दै आगामी दिन त्यस्ता घटना नदोहोरिने गरी पहलकदमी लिन सरकारलाई सुझाव दिए। नेकपाका राजेन्द्रलक्ष्मी गैरेले उपचार खर्चको अभावमा नागरिकले ज्यान फाल्नुपर्ने अवस्था अन्त्य गर्न स्वास्थ्य सेवा प्रणालीलाई भरोसायोग्य बनाउन सरकारको ध्यानाकर्षण गराए। सोही पार्टीका सुरेशकुमार आलेमगरले सुकुम्बासी र भूमिहीन समस्याको दिगो व्यवस्थापन गर्न सरकारलाई सुझाव दिए।

# पार्टीमा आमूल परिवर्तन एमालेको निष्कर्ष

**काठमाडौं।** नेपाल कम्युनिस्ट पार्टी (एमाले) को आन्तरिक जीवन र निर्वाचन परिणामको गम्भीर समीक्षा गर्न गठित कार्यदलले पार्टीलाई नयाँ जीन दिन विद्यमान नेतृत्वको कार्यशैली र संगठनात्मक ढाँचामा आमूल परिवर्तन गर्नुपर्ने निष्कर्ष निकालेको छ।

उपाध्यक्ष रामबहादुर थापा 'बादल'को संयोजकत्वको रहेको 'निर्वाचन समीक्षा र पार्टी पुनर्गठन कार्यदल'ले तयार पारेको ६५ पृष्ठ लामो प्रतिवेदनको मस्यौदामा पार्टी अध्यक्ष केपी शर्मा ओलीको 'स्वेच्छाचारी' कार्यशैलीले पार्टी भद्रगोल बनेको निष्कर्ष निकाल्दै १० औं महाधिवेशनबाट हटाइएको उमेर हद तथा कार्यकालको सीमालाई मुख्य समस्याका रूपमा लिएको छ। नयाँ पुस्ताको आकर्षण बढाउन र कार्यकर्तामा आएको चरम निराशा चिर्न नेतृत्व हस्तान्तरणको प्रक्रियामा जोड दिँदै प्रतिवेदनमा पार्टी कमिटीहरूलाई कम्तीमा ४० प्रतिशतले घटाएर छरितो बनाउनुपर्ने प्रस्ताव गरिएको छ।

फागुन २१ को निर्वाचन परिणामलाई 'अनपेक्षित र लज्जास्पद' भन्दै प्रतिवेदनमा खासगरी २०८२ को आम निर्वाचनमा पार्टीले व्होर्नुपरेको पराजयको पछाडि बाह्य घेराबन्दी मात्र नभई आन्तरिक कारणहरू बढी जिम्मेवार रहेको ठहर निकालिएको छ। ११औं महाधिवेशनबाट निलम्बित गरिएको ७० वर्षे उमेर हद र दुई कार्यकालको वैधानिक व्यवस्थालाई पुनर्स्थापित गर्नुपर्ने कार्यलको सुझाव छ। 'विधानको यो व्यवस्था हटाउँदा पार्टी जीवनमा लोकतन्त्रीकरणको प्रक्रिया अवरुद्ध छ र नयाँ पुस्तामा चरम असन्तोष पैदा भएको छ' प्रतिवेदनमा भनिएको छ। प्रतिवेदनमा पार्टीका कमिटीहरू 'जम्बो' र भद्दा हुँदा ती केवल औपचारिकतामा मात्र सीमित भएको तथा कार्यकर्ताको मूल्यांकन गर्ने वैज्ञानिक पद्धति हराएको उल्लेख गरिएको छ। यसलाई समाधान गर्न केन्द्रदेखि स्थानीय तहसम्मका सबै कमिटीहरूको आकार कम्तीमा ४० प्रतिशतले घटाउनुपर्ने प्रस्ताव गरिएको छ।

एमालेका नेताहरूको जीवनशैली विलासी र बुर्जुवा हुँदै गएको उल्लेख गर्दै प्रतिवेदनमा सर्वसाधारण र आधारभूत वर्गसँगको सम्बन्ध टुट्दै गएको र नेताहरू केवल 'सुकिलामुकिला'को घेरामा रमाउन थालेको आरोप समेत लगाइएको छ। भ्रष्टाचारका विभिन्न काण्डमा पार्टी जोडिनु र ती विषयमा नेतृत्वले स्पष्टीकरण दिन नसक्नुले जनतामा नकारात्मक सन्देश गएको निष्कर्ष निकाल्दै प्रतिवेदनमा भदौ २३ र २४ गतेको घटना नेकपा विभाजन र त्यसपछिका राजनीतिक घटनाक्रमले सिर्जना गरेको निराशालाई नेतृत्वले चिर्न नसकेको र उल्टै शक्ति केन्द्रिकरणमा जोड दिएको कार्यदलको विश्लेषण रहेको छ। नयाँ उदाएका शक्तिहरू, खासगरी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र त्यसले प्रयोग गरेको डिजिटल प्लेटफर्मको प्रभावलाई एमालेले बुझ्न नसकेको निष्कर्ष निकाल्दै प्रतिवेदनमा उल्लेख गरिएको छ 'हामीले परम्परागत ढंगले मात्र राजनीति गर्‍यौं तर नयाँ पुस्ताको मनोविज्ञान र सूचना प्रविधिको प्रयोगलाई उपेक्षा गर्‍यौं।'

प्रतिवेदनमा युवाहरूको आकर्षण बढाउनका लागि पार्टीले कम्तीमा ४० प्रतिशत हिस्सा युवा र महिलालाई सुनिश्चित गर्नुपर्ने र डिजिटल अल्गोरिदमको प्रभावलाई चिर्न आफ्नै शक्तिशाली डिजिटल संयन्त्र निर्माण गर्नुपर्ने सुझाव दिइएको छ। पार्टीका दस्तावेज र भाषालाई नयाँ पुस्ताले बुझ्ने गरी सरल र आधुनिक बनाउनुपर्नेमा समेत जोड दिएको छ। अन्तरघातलाई पार्टीको क्यान्सरका रूपमा परिभाषित गर्दै प्रतिवेदनले निर्वाचनमा आफ्नै उम्मेदवार हराउन भूमिका खेल्नेहरूलाई विना कुनै मोलाहिजा कारबाही गर्न सिफारिस गरेको छ। प्रतिवेदनमा अनुशासनहीनता बढ्दै जाँदा पार्टीभित्र गुटबन्दी र भजन मण्डली मौलाएको, तर विचारको बहस शून्य भएको उल्लेख गरिएको छ।

यस्तै, निर्वाचनहरूमा उम्मेदवार छनोट गर्दा केन्द्रको हस्तक्षेप बन्द गरी स्थानीय कमिटी र कार्यकर्ताको चाहना अनुसार निर्णय गर्नुपर्नेमा जोड दिँदै जनताको बहुदलीय जनवाद (जबज) को समयसापेक्ष व्याख्या र परिमार्जन गर्न समेत भनिएको छ। जबजलाई नारामा मात्र सीमित नगरी यसलाई आर्थिक समृद्धिको कार्यदिशा र वर्गसंघर्षको नयाँ स्वरूपसँग जोड्नुपर्ने आवश्यकता कार्यदलले देखेको उल्लेख गरिएको छ। कार्यदलको प्रतिवेदनमा नेताहरूका बिचमा देखिएको पदलोलुपता, अवसरवाद र सत्ता केन्द्रित राजनीतका कारण पार्टीको वैचारिक धार भुत्ते र यसलाई तिखो बनाउन तल्लो तहसम्म व्यापक प्रशिक्षण सञ्चालन गर्नुपर्नेमा जोड दिएको छ। एमालेलाई सुधार गर्ने हो भने वैचारिक र संगठनात्मक शल्यक्रिया आवश्यक रहेको प्रस्ट पार्दै सो प्रतिवेदनको मस्यौदामा मा उल्लेखित सुझावहरूलाई बेवास्ता गरिए पार्टी अझै ठूलो संकटमा फस्ने र जनताबाट थप टाढिने जोखिम कार्यदलले औंल्याइएको छ। ६५ पृष्ठ लामो उक्त मस्यौदा प्रतिवेदनलाई पूर्णता दिन कार्यदल बैठक बसेर अन्तिम रूपम दिन बाँकी रहेको एमाले स्रोतले जनाएको छ।

# पत्रकार श्रेष्ठ पक्राउ : यो भन्छ प्रेस काउन्सिल

**काठमाडौं।** वैयक्तिक गोपनीयताको हननसम्बन्धी कसुर गरेको आरोप लगाउँदै जनाअस्था साप्ताहिकका सम्पादक किशोर श्रेष्ठलाई पक्रउ गरिएको सम्बन्धमा नेपाल प्रेस काउन्सिल नेपालले आफ्नो गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

काउन्सिलले बिहीबार एक प्रेस विज्ञप्ति जारी गर्दै श्रेष्ठको निजी निवास खानतलासी भएको र बिहीबार बिहानै उक्त सञ्चार माध्यमको कार्यालयमा हातहतियारसहित प्रवेश गरी कम्प्युटरलगायत सामग्री जफत गरिएको घटनाप्रति ध्यानाकर्षण भएको जनाएको हो। 'नागरिकको सूचनाको हकको प्रत्याभूति प्रेस स्वतन्त्रताबाटै हुने भएकाले प्रेसको मर्यादा कायम राख्नु सम्बद्ध सबैको कर्तव्य हो। प्रेस स्वतन्त्रताको सदुपयोग र सम्मान हुनुपर्दछ। काउन्सिल सञ्चारकर्मको क्रममा पत्रकार/सञ्चारकर्मीद्वारा प्रस्तुत कार्यशैली, व्यवहार तथा पेसागत मर्यादा एवं आचरणप्रति पनि उत्तिकै चिन्तित छ' उल्लेख गर्दै प्रेस विज्ञप्तिमा 'प्रेस स्वतन्त्रताको प्रयोग गर्ने नाममा हुनसक्ने स्वच्छन्दतातर्फ सबै पत्रकार/ सञ्चारकर्मी सचेत हुनैपर्दछ। सत्य, तथ्य र सन्तुलित एवं विश्वसनीय पत्रकारिताको माध्यमबाट यसको व्यावसायिक अभ्यासलाई उच्च पेसागत मर्यादित, जवाफदेही एवं उत्तरदायी बनाउँदै प्रेस स्वतन्त्रताको दुरुपयोग हुन नदिनेतर्फ सजगता अपनाउनै पर्दछ' भनिएको छ।

काउन्सिलले आफ्नो क्षेत्राधिकारभित्र रहेर दुवै दृष्टिकोणबाट पत्रकार र सञ्चारमाध्यमको अनुगमन गर्दै आएको विषयलाई मध्यनजर गरी कुनै समाचारको विषयमा चित्त नबुझे उजुरी दिन सरोकारवाला सबै पक्षमा अनुरोध गरेको छ। 'स्वस्थ पत्रकारिताको विकासका लागि उपर्युक्त वातावरण सिर्जना गर्ने, प्रेस स्वतन्त्रताको दुरुपयोग हुन नदिने, पत्रकारितासम्बन्धी आचारसंहिता तोक्ने, प्रेस र नेपाल सरकारबीच सौहार्दपूर्ण सम्बन्ध कायम राख्ने, सार्वजनिक नैतिकता र नागरिकहरूको मर्यादा कायम राख्न लगाउने र प्रेस स्वतन्त्रता र पत्रकारिताको मर्यादामाथि हस्तक्षेप हुन नदिन प्रयत्नशील रहने काउन्सिलको अहम् उद्देश्य र जिम्मेवारी हो' विज्ञप्तिमा भनिएको छ।

पत्रकार श्रेष्ठलाई बुधबार राति नै प्रहरीले पक्राउ गरेको हो। एक युवतीले दिएको जाहेरीका आधारमा प्रहरीले श्रेष्ठलाई पक्राउ गरेको जनाएको छ। उनीविरुद्ध जिल्ला प्रहरी परिसर काठमाडौंमा वैयक्तिक गोपनीयता ऐन सम्बन्धी कसुरमा जाहेरी परेको प्रहरीले बताएको छ। साउन २५ मा जनआस्था डटकममा सप्तरी क्षेत्र नम्बर-३ बाट निर्वाचित सांसद अमरकान्त चौधरीसँग सम्बन्धित एक सामग्री प्रकाशन भएको समाचारमा नाम जोडिएकी युवतीले प्रहरीमा जाहेरी दिएकी थिइन्। बुधबार राति प्रकाउ परेका सम्पादक श्रेष्ठलाई जिल्ला अदालत काठमाडौंले तीन दिन म्याद थप गरी अनुसन्धान गर्न अनुमति दिएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक दानबहादुर थापाले जानकारी दिए। 'अदालतबाट तीन दिन म्याद थप गरी अनुसन्धान गर्न अनुमति प्राप्त भएको छ' उनले भने। सम्पादक श्रेष्ठलाई बुधबार राति ललितपुरको बागडोलस्थित उनकै निवासबाट पक्राउ गरिएको थियो।

- नगरपालिकाद्वारा निर्धारित मापदण्ड कार्यान्वयनमा सहयोग गरौँ ।
- नगरपालिकाद्वारा निर्धारित नक्सा स्वीकृत गरेर मात्र घर-टहरा निर्माण गरौँ ।
- नगरपालिकाद्वारा लगाइएको कर-शुल्क करले होइन, रहरले तिरौँ ।
- नगर सफाइमा सवैले आ-आफ्नो क्षेत्रबाट सहयोग गरौँ ।
- जन्म, विवाह, मृत्यु, बसाइँसराइ, सम्बन्ध-विच्छेद जस्ता घटनाहरू समयमै वडा कार्यालयमा गई दर्ता गरौँ ।

## शंखरापुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, शंखरापुर
साँखु, काठमाडौं
बागमती प्रदेश, नेपाल



- नगरपालिकाद्वारा निर्धारित मापदण्ड कार्यान्वयनमा सहयोग गरौँ ।
- नगरपालिकाद्वारा निर्धारित नक्सा स्वीकृत गरेर मात्र घर-टहरा निर्माण गरौँ ।
- नगरपालिकाद्वारा लगाइएको कर-शुल्क करले होइन, रहरले तिरौँ ।
- नगर सफाइमा सवैले आ-आफ्नो क्षेत्रबाट सहयोग गरौँ ।
- जन्म, विवाह, मृत्यु, बसाइँसराइ, सम्बन्ध-विच्छेद जस्ता घटनाहरू समयमै वडा कार्यालयमा गई दर्ता गरौँ ।

## गोदावरी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, गोदावरी
बज्रबाराही, ललितपुर
बागमती प्रदेश, नेपाल



- नगरपालिकाद्वारा निर्धारित मापदण्ड कार्यान्वयनमा सहयोग गरौँ ।
- नगरपालिकाद्वारा निर्धारित नक्सा स्वीकृत गरेर मात्र घर-टहरा निर्माण गरौँ ।
- नगरपालिकाद्वारा लगाइएको कर-शुल्क करले होइन, रहरले तिरौँ ।
- नगर सफाइमा सवैले आ-आफ्नो क्षेत्रबाट सहयोग गरौँ ।
- जन्म, विवाह, मृत्यु, बसाइँसराइ, सम्बन्ध-विच्छेद जस्ता घटनाहरू समयमै वडा कार्यालयमा गई दर्ता गरौँ ।

## महालक्ष्मी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, महालक्ष्मी
कमलपोखरी, ललितपुर
बागमती प्रदेश, नेपाल



- नगरपालिकाद्वारा निर्धारित मापदण्ड कार्यान्वयनमा सहयोग गरौँ ।
- नगरपालिकाद्वारा निर्धारित नक्सा स्वीकृत गरेर मात्र घर-टहरा निर्माण गरौँ ।
- नगरपालिकाद्वारा लगाइएको कर-शुल्क करले होइन, रहरले तिरौँ ।
- नगर सफाइमा सवैले आ-आफ्नो क्षेत्रबाट सहयोग गरौँ ।
- जन्म, विवाह, मृत्यु, बसाइँसराइ, सम्बन्ध-विच्छेद जस्ता घटनाहरू समयमै वडा कार्यालयमा गई दर्ता गरौँ ।

## नागार्जुन नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, नागार्जुन
हरिसिद्धि, सीतापाइला, काठमाडौं
बागमती प्रदेश, नेपाल

## फर्किए देउवा...

गम्भीर घाइते भएका र उमेर समेतले लगभग अशक्त अवस्थामा पुगेका देउवा यसअघि उपचार गराउने नाममा विदेशमा रहँदै आएका थिए। करिब पाँच महिनापछि 'स्वास्थ्यलाभ' गरेर उनी स्वदेश फर्किएको बताइएको छ। गतवर्ग २४ भदौको आतंककारी हमलामा देउवासहित तत्कालीन परराष्ट्रमन्त्री समेत रहेकी उनकी पत्नी आरजू देउवामाथि समेत सांघातिक आक्रमण भएको थियो। भर्खरैसम्मको चरम प्रतिकूल परिवेशका बीच एकाएक देखिएको यस किसिमको 'परिवर्तन', उनको दल नेपाली कांग्रेसभित्रको चरम कचिङ्गल र सतहमा व्याप्त भयङ्कर प्रतिकूलताका बीच देउवाले देखाएको रवैया, उनीनिकटका व्यक्तिहरूले दिन थालेका अभिव्यक्ति र सामाजिक सञ्जालबाट भुसको आगोझैँ फैलन थालेको 'गाइँगुइँ' का कारण मुलुक सिध्याउन लामो समयदेखि तल्लीन राष्ट्रिय-अन्तर्राष्ट्रिय आपराधिक तत्त्वहरूले फेरि भित्रभित्रै अर्कै खिचडी त पकाइसक्न थालेका छैनन् भन्ने जिज्ञासा, चासो र चिन्ता आमनागरिकमा व्याप्त हुन थालेको छ।

स्वदेश फर्केलगत्तै आफू 'राष्ट्रियता सुदृढ गर्ने' उद्देश्य बोकेर स्वेश फर्किएको देउवाले बताएका छन्। उनले एक अपिल समेत जारी गर्दै आफूलाई हिमालका शिखर, पहाडका हरियाली हराभरा र तराईका विशाल मैदानहरूले पुनः आफ्नै घरतर्फ बोलाएको उल्लेख गरेका छन्। आफू नेता बनेर नभई राष्ट्रको आजीवन नागरिक बनेर फर्किएको भन्दै विनम्रता, समर्पण र प्रेमका साथ सेवा गर्न तत्पर रहेको जिकिर उनले गरेका छन्। कांग्रेस केवल लोकतान्त्रिक इतिहास बोकेको दल मात्र नभई दशकौंको राजनीतिक संघर्ष सहेर आफ्नो अस्तित्त्व र मर्यादा जोगाइराख्न सफल पार्टी भएको पनि उनले उल्लेख गरेका छन्। 'मैले हाम्रो युवापुस्ताको मौन पीडा र प्रखर आवाज दुवै सुनेको छु; म स्पष्ट रूपमा भन्न चाहन्छु- कांग्रेसले युवापुस्ताले माग गरेको परिवर्तनलाई आत्मसात् गरेको छ,' अपिलमार्फत देउवाले लेखेका छन्- 'विश्व बदलिएको छ र हामी पनि समयको गतिसँगै अघि बढ्नुपर्छ भन्ने सत्यलाई हामी स्वीकार गर्छौं। त्यसैले भौतिक पीडा सहँदासहँदै पनि गत भदौमा भएको जेनजी आन्दोलनका जायज मागलाई सम्बोधन गर्नुपर्ने धारणा मैले त्यतिबेला नै राखेको थिएँ।'

राजनीतिक रूपमा आफूले लिनुपर्ने केही नभएको तर आफ्नो विगतको अनुभव मुलुक र पार्टीले लिन सक्नुपर्ने भन्दै त्यो अनुभव नयाँ पुस्तालाई दिनु आफ्नो दायित्व भएको समेत उनले चर्चा गरेका छन्। आफ्नो पार्टीका साथीहरू अहिले निराश अवस्थामा रहेका र उनीहरूको मनोबल बढ्ने गरी पार्टीभित्रका साथीहरूको भवनालाई पुनः एक पटक जोड्नुपर्ने समय आएको पनि उनले उल्लेख गरेका छन्।

बीपी कोइराला २०३३ मा भारत निर्वासनबाट स्वदेश फर्कंदा सबै राष्ट्रवादी र प्रजातन्त्रवादी शक्तिहरू एक हुनुपर्ने समय आएको उद्घोष गरेको स्मरण गर्दै ४७ वर्षपछि पुनः राष्ट्रिय एकतालाई मजबुत पार्न सर्वपक्षीय राष्ट्रिय एकताको आवश्यकता देखिएको देउवाले बताका छन्। 'मैले सधैं भन्ने गरेको छु, मैले जीवनमा राष्ट्र, लोकतन्त्र, नागरिक, संविधान र कानुनलाई सर्वोपरी मानी काम गरेको छु,' देउवाले अपिलमा लेखेका छन्- 'कानुन र नीतिविपरीत कुनै काम गरेको छैन। मेरो जीवन खुला किताब हो। म प्रतिज्ञा गर्दछु, अझ पनि जीवन रहँदासम्म राष्ट्र, राष्ट्रियता, लोकतन्त्र, मुलुक र जनताको सर्वोत्तम हित, संविधान, कानुन र नैतिकता तथा मूल्यमान्यता अनुरूप काम गर्नेछु।'

बैंककबाट दिउँसो काठमाडौं ओर्लेका देउवाले जारी गरेको अपिलमा विगतका विभााजन र विद्वेषका सबै घाउहरू निको पार्न पनि राष्ट्रियता सुदृढ गर्ने उद्देश्य बोकेर आफू स्वदेश फर्किएको बताए–का छन्। विगतका विभाजन र विद्वेषका सबै घाउहरू निको पार्न आह्वान गर्दै अपिलमा लेखिएको छ- 'म शक्ति प्राप्त गर्न होइन, राष्ट्रिय एकता सुदृढ गर्न फर्किएको हुँ, २०३३ सालमा बीपी कोइराला भारत निर्वासनबाट नेपाल फर्कंदा सबै राष्ट्रवादी र प्रजातन्त्रवादी शक्तिहरू एक हुनुपर्ने समय आएको उद्घोष गर्नुभएको थियो। मलाई लाग्छ, फेरि ४७ वर्षपछि हाम्रो राष्ट्रिय एकतालाई मजबुत पार्न सर्वपक्षीय राष्ट्रिय एकताको आवश्यकता देखिएको छ।'

'म नेता बनेर होइन, यस महान् राष्ट्रको आजीवन नागरिक बनेर फर्किएको छु, विनम्रता, समर्पण र प्रेमका साथ सेवा गर्न तत्पर छु। नेपाली कांग्रेस आफू एकताबद्ध भएर, देशमा क्रियाशील अन्य सबै राजनीतिक दलहरूसँग समेत सहमति र सहकार्य गरेर जानु आजको आवश्यकता हो, सबै मिलेर देशको राष्ट्रियता र लोकतन्त्रको सुदृढीकरण गर्नुपर्छ,' पूर्वप्रधानमन्त्री देउवाको अपिल छ- 'संसदमा कांग्रेस अंकगणितीय रूपमा सानो-ठूलो भयो होला, तर २००७ सालदेखि राजनीतिक परिवर्तनका हरेक खुट्किलाको नेतृत्वकर्ता हो, कांग्रेस।'

कांग्रेस केन्द्रीय कार्यालय सानेपामा जारी बैठकको सुरुआतमा बोल्दै सभापति गगनकुमार थापाले बिहीबार 'निवर्तमान सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवालाई स्वदेशमा स्वागत छ' भनेर बैठकका कार्यसूची अघि बढाएको कांग्रेस नेताहरूको भनाइ छ। 'निवर्तमान सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवालाई स्वास्थ्यलाभको कामनासहित स्वदेशमा स्वागत गर्दछु'- केन्द्रीय कार्यसमितिको बैठकमा थापाको भनाइ एक केन्द्रीय सदस्यले उदृत गरे। कांग्रेस प्रवक्ता देवराज चालिसेका अनुसार केन्द्रीय कार्यसमितिको बैठकले नेपालको लोकतान्त्रिक आन्दोलनमा देउवाका योगदानको उच्च मूल्यांकन गर्दै पार्टीको संस्थागत रूपान्तरण र सुदृढीकरणमा उनका अनुभव र अभिभावकीय भूमिका उपयोगी हुने विश्वास व्यक्त गरेको छ।

कांग्रेसको सोही दिनको बैठकले पत्रकार किशोर श्रेष्ठमाथि राज्यका तर्फबाट भएको आपत्तिजनक धरपकड र गैरकानुनी गिरफ्तारीप्रति समेत आपत्ति जनाउँदै निन्दा गरेको छ। कुनै दोष भएमा न्यायिक तथा कानुनी प्रक्रिया वा प्रेस काउन्सीलमार्फत निरूपण हुनुपर्नेमा, नागरिक स्वतन्त्रता कुण्ठित पार्ने र प्रेसको घाँटी निमोठ्ने सत्ताको दमनकारी व्यवहार अस्वीकार्य रहेको बैठकको ठहर रहेको प्रवक्ता चालिसेले बताए। यही बैठकले सार्वजनिक लेखा समितिमा सत्तारुढ दलका सांसदहरूबाट असंसदीय, अलोकतान्त्रिक र अशोभनीय भाषा प्रयोग तथा व्यवहार भएको भन्दै गम्भीर असहमति प्रकट गरेको छ।

कांग्रेसका सबै सांसदहरूलाई संसदमा आवेग वा उत्तेजनामा नआई, मर्यादित, शिष्ट र जिम्मेवार भएर लोकतन्त्रका उच्चतम मूल्य-मान्यता अनुकूल प्रस्तुत हुन बैठकमार्फत निर्देशन दिइएको पनि प्रवक्ता चालिसेले जानकारी दिएका छन्। बैठकले रोल्पामा भएको प्राकृतिक विपदमा नागरिकहरूको मृत्यु र बेपत्ता भएको घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै बेपत्ताहरूको शीघ्र खोजी गर्न, पीडितलाई यथोचित बसोबास, राहत उपलब्ध गराउन माग गरेको छ।

## प्रचण्ड-रविबीच...

उद्धृत गर्दै बोहराले बताए। पछिल्लो निर्वाचनमा १७ सिट मात्रै जितेर चौथो दलमा खुम्चिएको नेपाली कम्युनिस्ट पार्टीका नेतृत्वकर्ता प्रचण्डले अहिले पनि विभिन्न राजनीतिक मुद्दामा लामिछानेसँग निरन्तर संवाद चलाइरहेका हुन्। २०७९ पुस ११ मा प्रधानमन्त्री बनेका बेला प्रचण्डले शपथ लिएसँगै गृहमन्त्रीका रूपमा लामिछाने सरकारमा सहभागी थिए। वर्तमान अवस्थामा पनि दुई नेताबीच राजनीतिक रूपमा सौहार्दपूर्ण सम्बन्ध रहेको बोहराले बताए। नेताद्वयबीच आवश्यकताका आधारमा कुराकानी हुने गरेको प्रचण्डका स्वकीय सचिव आचार्यले बताए।

**सचेत उपभोक्ता बनौं !**

सामान खरिद गर्दा देहायका विषय यकिन गरौं:

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातीत वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नुपूर्वको सावधानी।

सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं, भुक्तानी गरेको मूल्य बराबरको बिल लिऔं !

नेपाल सरकार
**विज्ञापन बोर्ड**




प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम)** [९८४९६००२०९] बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने** [९८४६५२८५०२]
**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं